# तिनाउ गाउँपालिका
Tinau Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या /Letter No.:-
चलानी नं /Ref. No.:-

## प्रेस विज्ञप्ती

Jeevan Lwagun को फेसबुक मार्फत यस गाउँपालिका वडा नं. २ को घोडेवासमा मिति २०८०।०६।०१ गते भएको दुखदायी घटनालाई अतिरञ्जित गर्ने गरी सामाजिक सञ्जालमा लेखिएको विषयमा यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

उक्त घटनाको सन्दर्भमा गाउँपालिकाले घटना घटेको भोलिपल्टै दोभान प्रहरी चौकीका प्रमुखलाई गाउँपालिकामा बोलाइ छलफल गर्दै यस प्रकारका घटना हुन नदिन निर्देशन समेत दिएको व्यहोरा जानकारी गराउन चाहान्छौं । बस्तुस्थितिलाई गम्भिरता पूर्वक अध्ययन नगरी, राजनितिक तथा सामाजिक सदभाव खलबल हुने खालका, व्यक्तिगत आक्षेप लाग्ने तथा मानहानी हुने पोष्टहरु सामाजिक सञ्जालमा पोष्ट गर्ने तथा सेयर गर्ने काम भएमा प्रचलित कानून बमोजिम कार्वाही हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

मिति २०८०।०६।०१ गतेको घटनामा आफ्नो ज्यान गुमाउने यस गाउँपालिका वडा नं. २ निवासी श्री भवि शंकर खत्री (सुनिल) प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

मिति : २०८०/०६/०४

..............................
लाल बहादुर थापा
उपाध्यक्ष
तिनाउ गाउँपालिका, दोभान, पाल्पा

..............................
प्रेम
अध्यक्ष
तिनाउ गाउँपालिका
दोभान, पाल्पा

शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन र पूर्वाधार : समृद्ध तिनाउको मूलआधार


Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65